# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।१८ गते ।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

मालपोत कार्यालय, पर्साको आ.व. २०७०।७१ मा रजिष्ट्रेशन फाँट "ग" मा बर्षभरिको राजस्व आम्दानी नै नबाँधेको तथा उक्त रसिदहरूबाट प्राप्त रकम बैंङ्क दाखिलासमेत नगरी सरकारी राजस्व हिनामिना गरेकोले फाँटमा कार्यरत कर्मचारीहरूलाई कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०७०।७१ मा मालपोत कार्यालय, पर्साको रजिष्ट्रेशन फाँट "ग" बाट एकै नम्बरका दोहोरो/तेहेरो रजिष्ट्रेशन नम्बर राखी एकभन्दा बढी लिखत पारित गरेको देखिएको, रजिष्ट्रेशन लिखत दर्ता किताबमा प्रविष्टि भएका एकै दर्ता नम्बर कायम भएका दोहोरो/तेहेरो लिखतहरू र सोसँग सम्बन्धित आम्दानी रसिदहरूको तुलना गरी हेर्दा कम राजस्व रकमको लिखतहरूको चलानी बनाई लेखा फाँटमा बुझाएको र उक्त लिखतहरूको रकम बैङ्क दाखिलासमेत भएको तर बढी राजस्व कायम रहेको लिखतहरू दर्ता किताबमा थप गरी प्रविष्टि गरेको, उक्त थपेका लिखतहरूबाट प्राप्त राजस्व रकम लेखा फाँटमा पनि नबुझाएको र आन्तरिक/अन्तिम लेखापरीक्षण तथा दर्ता किताब प्रमाणितसमेत नगरी बढी राजस्व रकम हिनामिना गरेको देखिएको, एकै रजिष्ट्रेशन नम्बर राखी एकभन्दा बढी लिखतहरू पारित गरी कम थैली अंक भएका लिखतहरूको मात्र रकम बुझाउने र बढी रकम रहेका लिखतहरूको रकम नबुझाई/नदेखाई आ.ब. २०७०।७१ मा तत्कालीन मालपोत कार्यालय, पर्साको रजिष्ट्रेशन फाँट "ग" बाट उठेको रजिष्ट्रेशन दस्तुरवापतको रकम रू.२,९३,६८,५६५/- (दुई करोड त्रियानब्बे लाख अठसट्ठी हजार पाँच सय पैसट्ठी रूपैयाँ) राजस्व हिनामिना भएको देखिंदा उक्त कसुरजन्य कार्यमा संलग्न देहायका प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत **हरिनारायण मिश्र** | रू.३८,८०,३६८/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुरमा बिगो रू. अठतीस लाख असी हजार तीन सय अठसट्ठी रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रू.३८,८०,३६८/- को दोब्बर जरिवाना हुन समेतको मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत **भूप बहादुर बोगटी** | रू.१,१०,६०,५२४/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुरमा बिगो रू. एक करोड दश लाख साठी हजार पाँच सय चौविस रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९( पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको बिगो रकम रू.१,१०,६०,५२४/- को दोब्बर जरिवाना हुन समेतको मागदाबी लिइएको छ। |
| ३. | मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत **पदम प्रसाद अर्याल** | रू.२१,३८,१६९/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई बिगो रू. एक्काईस लाख अठतिस हजार एक सय उनान्सतरी रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको बिगो रकम रू.२१,३८,१६९/- को दोब्बर जरिवाना हुन समेतको मागदाबी लिइएको छ। |
| ४. | मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत **सुरेन्द्र प्रसाद राव कुर्मी** | रू.९९,१०,५१५/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुरमा बिगो रू. उनान्सय लाख दश हजार पाँच सय पन्ध्र रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९( पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको बिगो रकम रू.९९,१०,५१५/- को दोब्बर जरिवाना हुन समेतको मागदाबी लिइएको छ। |
| ५. | मालपोत कार्यालय, पर्साका तत्कालीन नायव सुब्बा स्वर्गिय किरण प्रसाद उपाध्यायको हकमा अंशियार छोराहरू **राज किशोर प्रसाद उपाध्याय, गौतम प्रसाद उपाध्याय,** | रू.२,९३,६८,५६५/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुरमा बिगो रू. दुई करोड त्रियानब्बे लाख अठ्सठ्ठी हजार पाँच सय पैसठ्ठी रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को |

| | | | |
|---|---|---|---|
| | **पशुपती प्रसाद उपाध्याय र मुरारी प्रसाद उपाध्याय** | | उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रू.२,९३,६८,५६५/- को दोब्बर जरिवाना हुन समेतको मागदावी लिनुपर्नेमा निज प्रतिवादी किरण प्रसाद उपाध्यायको मिति २०७२।१०।१५ मा मृत्यु भएको तथ्य मिसिल संलग्न मृत्यु दर्ता प्रमाणपत्रबाट देखिंदा फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम फौजदारी कसुरमा सजाय मागदाबी लिनुपर्ने अवस्था नरहेता पनि निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (क) र फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मृत्यु भएको व्यक्तिको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी बिगो, क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले प्रतिवादी स्वर्गिय किरण प्रसाद उपाध्यायको श्रीमती बचिया देवी ब्राहमणीको समेत मिति २०७६।०५।१४ मा मृत्यु भएको देखिएको हुँदा उल्लिखित कसुर गरी नेपाल सरकारलाई हानिनोक्सानी गरेको बिगो निजको हकखाने अंशियार छोराहरू **राज किशोर प्रसाद उपाध्याय, गौतम प्रसाद उपाध्याय, पशुपती प्रसाद उपाध्याय** र **मुरारी प्रसाद उपाध्याय**बाट बिगो असुल उपर प्रयोजनार्थ मात्र निजहरुलाई प्रतिवादी कायम गरी उक्त बिगो दामासाहिले निजहरूबाट असुलउपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने